(सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको)

# २०८२ चैत्र मसान्त सम्ममा सम्पादित प्रमुख क्रियाकलापहरुको विवरण


गण्डकी प्रदेश सरकार

ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय

खानेपानी, जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय

म्याग्दी, नेपाल।



२०८३ बैशाख ०७ गते

## विषय सूचि

विषय | पृष्ठ

१ पृष्ठभूमि......१
२ कार्यालयको दूरदृष्टि, ध्येय, दीर्घकालिन लक्ष्य र उद्देश्य......२
३ काम, कर्तव्य र अधिकार (क्षेत्राधिकार)......२
४ कार्यालयको संरचना......२
५. जिम्मेवार अधिकारी र टेलिफोन नम्बर......३
६. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम पद......४
७. ऐन नियम विनियम वा निर्देशिकाको सूची......४
८. आ.व. २०८२/०८३ को तेस्रो त्रैमासिक सम्मको प्रगती विवरण निम्नानुसार रहेको छः......५

## १ पृष्ठभूमि

परापूर्व कालमा किसानहरुले आफनै स्थानीय सीप, प्रबिधि मार्फत् निर्माण तथा बिकास गरेका बाँध, पैनी, कुलो, कुलेसा तथा परम्परागत शैलीमा निर्माण गरिएका संरचनाहरुनै नेपालको सन्दर्भमा सिंचाई बिकासको खुडकिला मान्न सकिन्छ । सरकारी स्तरबाट बि.सं. १९८५ मा निर्माण भएको चन्द्रनहर तथा त्यसपछि बनेको जुद्द नहर निर्माण पछी आधुनिक सिंचाई प्रणालीको सुरुवात भएको देखिन्छ । बि.सं. २००७ सालमा प्रजातन्त्रको अभ्युदय पश्चात देशमा सिचाई योजनाको पूर्वाधार बिकास गरि कृषि उत्पादनमा बृद्धि गर्ने उद्देश्यको साथ संस्थागत प्रयास गर्ने अभिप्रायले बि.स.२००९ सालमा नहर विभागको स्थापना भएको र सोहि सरकारी निकाय बि.स. २०२९ पछि सिंचाई तथा जलबायु बिज्ञान बिभाग नामाकरण भै यसै अन्तर्गत तत्कालिन अवस्थामा देशभरका ७५ जिल्लामा नै सिंचाई कार्यालय स्थापना गरि सिचाई बिकासको थालनी गर्ने नीति भए बमोजिम बि.सं.२०४५ सालमा जिल्ला सिंचाई कार्यालय, म्याग्दीको पनि स्थापना भएको र तत् पश्चात यस जिल्लामा पनि संस्थागत रुपमा सिचाई बिकास सम्बन्धि गतिबिधि अघि बढेको देखिन्छ । २०४६ सालको परिबर्तन पछी जनताहरुको बढ्दो ईच्छा, आकांक्षा र मागलाई समेत सम्बोधन गर्ने हेतुले सरकारी तंबरबाट बिभिन्न समयमा जलश्रोत ऐन २०४९, सिंचाई नीति २०४९ तथा सिंचाई नियमावली २०५६ र त्यसपछि नीति तथा नियमावलीको क्रमशः २०५३,२०५६,२०६० तथा २०७० मा भएको समय सान्दर्भिक संसोधनले सिंचाई बिकासको लागी आधार स्तम्भ तयार गरेको देखिन्छ । कार्यालयको दायरा तथा कार्यक्षेत्र फराकिलो पार्न र अधिकार प्राप्त शक्तिसाली डिभिजन मार्फत २ या ३ जिल्ला हेर्ने गरि २०५८ सालमा सिचाई बिकास डिभिजनको अबधारणा अनुसार यस जिल्लाको सिचाई सम्बन्धि सम्पूर्ण कार्य बागलुङ डिभिजनबाट सन्चालन हुने ब्यबस्था भएको देखिन्छ । दुर्गम जिल्ला, यातायातको पूर्वाधार समेत बिकास नभई सकेको सन्दर्भमा पहाडी जिल्लाहरु लाई डिभिजन अवधारणामा लैजादा जनताको सम्पर्क स्थापना, समन्वय, सहकार्यमा बाधा भै लाभग्राही समुह झन् राज्यको सुविधाबांट बन्चित हुन पुगेको अबस्थाले सिंचाई गतिविधिहरुमा झन् प्रत्यक्ष नकारात्मक असर परेकोले केन्द्रिकृत अवधारणा जस्तो लाग्ने यो प्रणाली बिस्तारै अभिसाप जस्तै भएको कुरा तालुक निकायले समेत महशुस गरेको र आ.ब.२०७२/७३ पछि पुनः प्रत्येक जिल्ला सदरमुकाममा नै सेवा कार्यालय स्थापना गरि प्रत्यक्ष जनताहरुको बिचबाट नै सेवा सुबिधा पुऱ्याउने नीति भए बमोजिम सिंचाईमा जनताको पहुँच पुऱ्याउने हेतुले जलस्रोत तथा सिंचाई बिकास सब-डिभिजन कार्यालय, म्याग्दीको स्थापना भै सिचाई सम्बन्धी काम कार्यबाही अघि बढेको देखिन्छ । बदलिदो अवस्था र जनताको माग अनि कामको दायरा, बजेट लगानीको सन्दर्भलाई फराकिलो पारि" सिंचाई गरौं, उत्पादन बढाउं आत्मनिर्भर बनौं" भन्ने नारालाई सार्थकता दिने उद्देश्यले कामको दायरा फराकिलो पार्ने हेतु २०७५ देखि जलश्रोत तथा सिंचाई बिकास डिभिजन कार्यालको रुपमा संचालन भई आबस्यक गतिबिधि संचालन गर्दै आएकोमा आ.ब. २०७७/०७८ साउन देखि खानेपानी तथा सरसफाई कार्यक्रम समेत संचालन गर्ने जिम्मेवारी प्राप्त भए अनुसार हाल उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय, गण्डकी प्रदेश सरकार अन्तर्गत "खानेपानी, जलस्रोत तथा सिंचाई बिकास डिभिजन कार्यालय, म्याग्दी" को नाउँमा तोकिए बमोजिमका बिबिध कार्यक्रमहरु संचालन हुँदै आएको छ । गण्डकी प्रदेश सरकार अन्तर्गत आर्थिक मामिला तथा योजना मन्त्रालयले



डिभिजन प्रमुख

जारी गरेको "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धि एकीकृत कार्यविधि, २०८१" तेस्रो संशोधन समेत जारी भएकोले कार्यविधिको बुँदा, मर्म र भावना अनुरुप समेत सहजरुपमा आबश्यक कार्यक्रम संचालन हुदै आएको छ ।

## २ कार्यालयको दूरदृष्टि, ध्येय, दीर्घकालिन लक्ष्य र उद्देश्य

✓ म्याग्दी जिल्लाको सम्पूर्ण कृषियोग्य भुमिमा कृषि उत्पादकत्वमा योगदान पुग्ने गरी वर्षैभरी दिगो एवं भरपर्दो सिंचाइ सुविधा पुऱ्याउने यस कार्यालयको दुरदृष्टि रहेको छ।

✓ सिंचाइ संरचनाहरुको उचित मर्मत संभार, प्रभावकारी जल व्यवस्थापन, आधुनिकीकरण गर्ने तथा नयाँ सिंचाइ योजनाहरुको निर्माण गरी वर्षैभरी भरपर्दो सिंचाइ सेवा पुऱ्याउने।

✓ पाईप प्रणालीबाट ग्रामिण जनताहरुलाई स्वच्छ खानेपानी सेवा उपलब्ध गराई जनस्वास्थ्यमा सुधार ल्याउनु।

## ३ काम, कर्तव्य र अधिकार (क्षेत्राधिकार)

✓ म्याग्दी जिल्ला भित्र सिंचाइ, खानेपानी तथा नदी नियन्त्रणको डि.पि.आर तयार तथा आवश्यकता अनुसार परामर्श सेवा प्रदान गरि गुणस्तरिय निर्माण कार्य सम्पादन गर्ने ।


✓ सिंचाइ, खानेपानी तथा नदी नियन्त्रण योजनाहरुको निर्माण, संचालन तथा व्यवस्थापन गर्ने।

✓ सिंचाइ, खानेपानी तथा नदी नियन्त्रण सम्बन्धित प्रविधि, संरचना र श्रोतको थप अध्ययन र अनुसन्धानको कार्यमा जोड दिने।

✓ सिंचाइ, खानेपानी तथा नदी नियन्त्रण सम्बन्धी सूचना व्यवस्थापन प्रणालीको सुदृढीकरण गर्ने।

## ४ कार्यालयको संरचना

खानेपानी, जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, म्याग्दी






डिभिजन प्रमुख

खानेपानी, जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, म्याग्दी को दरबन्दी तेरिज

| क्र. स. | पद | तह / श्रेणी | दरबन्दी संख्या | पदपूर्तिको अवस्था | रिक्त |
|---|---|---|---|---|---|
| १ | कार्यालय प्रमूख (सि.डि.ई.) | नवौं / दशौं | १ | १ | - |
| २ | ईन्जिनियर | सातौं / आठौं | २ | २ | - |
| ३ | सहायक स्तर / अधिकृतस्तर (प्रशासन) | पाँचौं / छैठौं | १ | १ | - |
| ४ | सहायक स्तर / अधिकृतस्तर (प्रशासन लेखा) | पाँचौं / छैठौं | १ | - | १ |
| ५ | सव-ईन्जिनियर / सहायकस्तर / अधिकृतस्तर | पाँचौं / छैठौं | ४ | ४ | - |
| ६ | ए.ओ. / सहायकस्तर | चौथो / पाँचौं | १ फाजिल | १ | - |
| ७ | खा. प. स. टे. / सहायकस्तर | पाँचौं / छैठौं | २ | २ | सहायकस्तर चौथो |
| ८ | कार्यालय सहयोगी | श्रेणी विहिन | २ | २ | - |
| ९ | हलुका सवारी चालक | श्रेणी विहिन | १ | १ | - |
| | | जम्मा | १५ | १४ | - |

५. जिम्मेवार अधिकारी र टेलिफोन नम्बर

| क्र. स. | पद | नाम | टेलिफोन नम्बर |
|---|---|---|---|
| १ | डिभिजन प्रमूख | ई. झलकमोहन ओझा | ९८५७६२७२२५/ ९८५६०३०७५२ |
| २ | ईन्जिनियर (खानेपानी शाखा) सुचना अधिकारी | ई. शिव शंकर साह | ९८५७६२८२२५/ ९८४७६२९४१६ |
| ३ | ईन्जिनियर (सिंचाई शाखा) | ई. बिस्वास कुमार वस्नेत | ९८०८८२१७७४ |
| ४ | अधिकृतस्तर (प्रशासन) | | |
| ५ | अधिकृतस्तर (प्रशासन लेखा) | अधिकृत छैटौं लेखा कृष्ण प्रसाद पौडेल | ९८५६०६६१६२ |



डिभिजन प्रमुख

६. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम पद

| | |
|---|---|
| कार्यालय प्रमुख | ई. झलक मोहन ओझा |
| सूचना अधिकारी | ई. शिव शंकर साह |

७. ऐन नियम विनियम वा निर्देशिकाको सूची

➢ नेपालको संविधानः

➢ नीतिः

१. सिंचाइ नीति २०७०

२. जलश्रोत नीति २०७७

३. जल उत्पन्न प्रकोप व्यवस्थापन नीति २०७२

४. खानेपानी तथा सरसफाई नीति २०७१

➢ ऐनः

१. "गण्डकी प्रदेश सिंचाइ ऐन २०७८"

२. "गण्डकी प्रदेश खानेपानी तथा सरसफाइ ऐन, २०७९"

३. जलश्रोत ऐन २०४९

४. आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायी ऐन २०७६

५. सार्वजनिक खरिद ऐन २०६४

६. अन्य प्रचलित ऐनहरु

➢ नियमावलीः

१. "गण्डकी प्रदेश खानेपानी तथा सरसफाई नियमावली, २०८२"

२. सिंचाइ नियमावली, २०५६

३. जलश्रोत नियमावली, २०५०

४. सार्वजनिक खरिद नियमावली, २०६४

५. खानेपानी नियमावली, २०५५

६. आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायी नियमावली, २०७७

७. अन्य प्रचलित नियमावली

➢ कार्यविधिः "बजेट तथा कार्यक्रम कार्यन्वयन सम्बन्धी एकीकृत कार्यविधी, २०८१" तेस्रो संशोधन समेत ( आर्थिक मामिला तथा योजना मन्त्रालय, गण्डकी प्रदेश)



डिभिजन प्रमुख

८. आ.व. २०८२/०८३ को तेस्रो त्रैमासिक सम्मको प्रगती विवरण निम्नानुसार रहेको छः

## आ. व. २०८२/८३ दोस्रो त्रैमासिक सम्मको प्रगति

| सि.नं | क्षेत्र | योजनागत विवरण | | रकम रु हजारमा | | प्रगती % | |
|---|---|---|---|---|---|---|---|
| | | कुल योजना संख्या | सम्पन्न योजना संख्या | विनियोजन | खर्च | वित्तिय | भौतिक |
| १ | २ | ३ | ६ | ७ | ८ | ९ | १० |
| क | प्रदेश पुजिंगत | | | | | | |
| १ | बहुवर्षिय /स्रोत सुनिश्चत प्राप्त आयोजनाहरु (खानेपानी क्षेत्र) | १६ | १ | १९०००.०० | ४४७.८५ | २ | ५० |
| २ | बहुवर्षिय /स्रोत सुनिश्चत प्राप्त आयोजनाहरु (सिंचाई क्षेत्र) | १३ | १ | १९३००.०० | ५८१३.४० | ३० | ६५ |
| ३ | क्रमागत योजनाहरु | ३४ | २ | ५९७००.०० | ४७५७.८३ | ८ | ४५ |
| ४ | मर्मत संभार तथा प्रणाली सुधार योजनाहरु | १८ | ३ | १५३००.०० | ३४३८.८६ | २२ | ४० |
| | प्रदेश पुजिंगत जम्मा | ८१ | ७ | ११३३००.०० | १४४५७.९४ | १३ | ४९ |
| ख | संघ पुजिंगत | | | | | | |
| ४ | विशेष अनुदानका योजनाहरु | १ | १ | ३५००.०० | २६०४.६८ | ७४ | १०० |
| | जम्मा | १ | १ | ३५००.०० | २६०४.६८ | ७४ | १०० |
| | पूजिंगत कार्यक्रमको जम्मा | ८२ | ८ | ११६८००.०० | १७०६२.६२ | १५ | ५० |
| ग | चालु कार्यक्रम | | | १४१००.०० | ९१७९.०८ | ६५ | ५७ |
| | कुल जम्मा | ८२ | ८ | १३०९००.०० | २६२४१.६९ | २० | ५१ |

डिभिजन प्रमुख